Jyotish Bhabishyawani Weekly ज्योतिष विधामा आधारित राष्ट्रियस्तरको एकमात्र अखबार

राष्ट्रिय साप्ताहिक

जि.प्र.मोरङ/कास्की द.नं.:११५/२०५५

# ज्योतिष भविष्यवाणी

वर्ष १५ अङ्क २९ | २०६९ कार्तिक १६ गते, बिहीबार | 1, Nov. 2012 | मूल्य रु. १०।-

नेपालको इतिहासमा पहिलो र एकमात्र
ज्योतिष समाचारमूलक साप्ताहिक
पत्रिका "**ज्योतिष भविष्यवाणी**"
खोजी-खोजी पढौं।

पत्रिका पाइने ठाउँ

ज्योतिष भविष्यवाणी राष्ट्रिय साप्ताहिक
पोखरा-२, अर्चलबोटचोक, नेपाल।
मोवाइल नं.९८५६०२०९१४

के तपाईंले प्रत्येक बिहीबार प्रकाशित
"ज्योतिष भविष्यवाणी"
(साप्ताहिक) पढ्नुभयो ? खोज्दा
नपाइएमा हाम्रो इन्टरनेट ठेगाना
www.jbweekly.com,
www.Facebook.com/jbweekly
बाट Sagarmatha अथवा
Himalb Font डाउनलोड गरी
हेर्न सक्नुहुनेछ।

संस्थापक/सम्पादक
डा. बलराम उपाध्याय रेग्मी
ज्योतिष भविष्यवाणी, नेपाल।
मोवाइल नं.९८५६०३०९१४

## सफल पोखरा कपमा ठूलालाई धक्का

**ज्योतिष भविष्यवाणी**

**पोखरा** : नेपालको राजनैतिक खेलमा विचलन आउँदा पूरै देशलाई नै धक्का लागिरहेको बेला पोखरामा गत मंगलबारबाट जारी सफल पोखरा कपमा देशका ठूलो टिम तथा उपाधिका दावेदारलाई नराम्ररी धक्का लागेको छ। अखिल नेपाल फुटबल संघ (एन्फा) कास्कीको आयोजनामा पोखरा रंगशालामा जारी मोफसलकै सर्वाधिक पुरस्कार राशिको दोस्रो सफल कप फुटबल प्रतियोगितामा देशभर फुटबलमा वर्चस्व कायम गर्न सफल नेपाल पुलिस क्लव बाहिरिएको छ। पोखरा रंगशालाको मैदानबाटै कैयौं उपाधिको स्वाद लिंदै आएको पुलिस सफल पोखरा कपको दोस्रो संस्करणमा भने शुरुवाती चरणबाटै हात धुनु परेको छ। राष्ट्रिय लिग समेत उचालेको पुलिसलाई २-१ ले काठमाडौं कै मछिन्द्र क्लवले पराजित गरेको हो। त्यसैगरी उद्घाटन खेलमा सशस्त्र प्रहरीको एपीएफ्ले फ्रेन्डस् क्लब काठमाडौंलाई पनि ३-४ गोलले पराजित गर्दै एपीएफ् विजयी बन्दै क्वाटर फाइनलमा प्रवेश गर्न सफल भएको छ। त्यसैगरी बुधबार सम्पन्न खेलमा आयोजक पोखरा-११ लाई २-१ गोल अन्तरले पराजित गर्दै काठमाडौंको न्यूरोड टिम एनआरटी विजयी बन्दै क्वाटरफाइनलमा प्रवेश गरेको छ। त्यसैगरी क्वाटर फाइनल प्रवेश गरेको सशस्त्र प्रहरीको एपीएफ् क्लव काठमाडौंलाई पराजित गर्दै नेपालकै अर्को चर्चित तथा उपाधिको दावेदार क्लव मनाङ-मर्स्याङ्दी अन्तिम चारमा प्रवेश गर्न सफल भएको छ।

सफल दूधको मुख्य प्रायोजनमा संचालित उक्त प्रतियोगिताको यसबर्ष पुरस्कारको राशिमा बृद्धि गरिएको छ। मोफसलकै सबैभन्दा ठूलो धनराशि भएको उक्त प्रतियोगितामा विजेता टोलीले ३ लाख ५ हजार, उपविजेताले १ लाख ५० हजार पुरस्कार प्राप्त गर्ने भएका छन। प्रतियोगितामा उत्कृष्ट खेलाडी, उत्कृष्ट गोलरक्षक, उत्कृष्ट मिडफिल्डर, उत्कृष्ट डिफेन्स, उत्कृष्ट स्टाईकर, सर्वाधिक गोलकर्ता र उत्कृष्ट प्रशिक्षकलाई समेत पुरस्कार प्रदान गरिने जनाएको छ।

सफल पोखरा कपको प्रथम पुरस्कारको राशि ३ लाख पाँच हजार रुपैयाँ छिरिङ गुरुङ लामाले प्रायोजन गरेका छन्। त्यसैगरी प्रतियोगिताका लागि पोखरा उद्योग वाणिज्य संघका प्रथम उपाध्यक्ष विन्दुकुमार थापाले ५० हजार, पोखरा उपमहानगरपालिकाले ४० हजार रुपियाँ आर्थिक सहयोग प्रदान गरेका छन् भने संगम युथ क्लबले २५ हजार, हेमबहादुर गुरुङले ५० हजार रुपैयाँ, भानु सुवेदीले २५ हजार रुपैयाँ सहयोग गरेका छन्। प्रतियोगितामा सहभागी खेलाडीहरूको दैनिक भत्तामा समेत बृद्धि गरिएको एन्फा कास्कीले जनाएको छ। गत वर्षको भन्दा ५० रुपैयाँ खेलाडीहरूको दैनिक भत्ता वृद्धि गरिएको प्रतियोगिता संयोजक गोपी भट्टराईले जानकारी दिनुभयो। गत वर्ष दैनिक ६ सय रुपैयाँ प्रदान गरिएको भएपनि यस वर्ष ६ सय ५० रुपैयाँ प्रदान गरिने उहाँले बताउनुभयो।

कास्की जिल्ला फुटबल संघले प्रतियोगिताका लागि एक हजार दर्शक अटाउने फलामे वैकल्पिक प्यारापिट समेत निर्माण गरेको छ।

११ दिन संचालन हुने प्रतियोगिताका लागि ६० लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ। त्यसैगरी खेलाडी तथा अफिसियलका लागि अन्तर्राष्ट्रियस्तको चेन्जिङ रुम समेत निर्माण गरिएको छ। चेन्चिङ रुमको सोमबार राष्ट्रिय खेलकुद परिषदका सदस्य सचिव युवराज लामाले उद्घाटन गर्नुभएको थियो।

## प्र.म.भट्टराईको मृत्यु जहाज दुर्घटनाबाट

**डा.बलराम उपाध्याय रेग्मी**

**पोखरा** : नेपालका बहालवाला प्रधानमन्त्री डा. बाबुराम भट्टराई आउँदा दिनमा आइतबार, मंगलबार र शनिबार पारेर जहाज यात्रा गरेमा दुर्घटनाबाट मृत्यु हुने उहाँका चल्दा दशा र जन्मकुण्डलीस्थित ग्रहले जनाएका छन्। जन्मनाम मुक्ति भएका र उमेरको ५९ वर्ष ४ महिनाको पनि प्रवल मारकेश रहेकाले डा. बाबुराम भट्टराई विशेष गरी आइतबार, मंगलबार र शनिबार जहाजबाट यात्रा गरेमा दुर्घटनाग्रस्त हुने देखिएको छ।

पूर्वदिशा शनिबार उड्ने, पश्चिम् दिशा आइतबार उड्ने अथवा शुक्रबार दक्षिण भारततर्फ जाँदा बिहीबार पारेर यात्रा गरेमा आउँदा दिनमा प्रधानमन्त्री डा. भट्टराई जोगिन नसक्ने मारकेश ग्रहले






डा.बाबुराम भट्टराईको जन्म-कुण्डली
जन्ममिति : २०१०/३/४ गते बुधबार

### त्रिभागी महादशा

उमेर पुगेका डा.भट्टराईका हालका चल्दा दशा ५४ देखि ६२ सम्म शंकटा, ५६ देखि ६८ वर्ष ८ महिनासम्म शनि र उमेर ५० देखि ६८ सम्म क्रमशः राहु दशा चलिरहेका छन्। शंकटाको मालिक राहु लग्नदेखि सातौं भावमा रहेको छ भने शनि ग्रह पनि लग्नदेखि सातौं र आठौं भाव मारकेशको मालिक रहेकाले यी दुवै ग्रहको योग अत्यन्तै खतरनाक रहेको छ। त्यस्तै उमेर ५० देखि ६८ वर्षसम्म रहने त्रिभागी महादशा अन्तर्गतको राहु दशा संकेत गरेका छन्। अधिकतम् आयु ६८ वर्ष रहेका डा. बाबुराम भट्टराईका चल्दा दशा मारकेश रहेकाले राहु, शनि, समाप्त हुने उमेर ६८ मा समेत सहज मत्यु नभएर दुर्घटना मृत्यु देखिएको छ। त्यसकारण आउँदो चुनाव शान्तिपूर्ण रुपमा सम्भव गर्ने हो भने डा.बाबुराम भट्टराईको जीवन सुरक्षा गर्ने हो भने सबै पार्टीलाई मिलाएर चुनाव र संविधान निर्माण गर्ने कार्य सफल गर्ने हो भने प्रधानमन्त्री डा.बाबुराम भट्टराईका शंकटा, राहु र शनि ग्रहको तान्त्रिक विधिले ज्योतिष वैज्ञानिक उपचार गर्नुपर्ने देखिएको छ। इतिहासमा नै सबैभन्दा खराब ग्रहको कार्यकालमा प्रधानमन्त्री भएका डा. बाबुराम भट्टराईलाई हटाउन कुनै आन्दोलन गर्नु नपर्ने उहाँको जन्म-कुण्डलीस्थित ग्रह बताउँछन्। कर्क लग्नमा जन्मेको, लग्नको मालिक चन्द्रमा एक्लै दोस्रो भावमा रहेकाले देशको राजनीतिक अस्तव्यस्तताको दोष एक्लो प्रधानमन्त्रीमामात्र लगाउन नहुने देखिन्छ।

बाँकी ३ पृष्ठमा...

## अकिञ्चनको सुनाखरी सन्देश विमोचित




**ज्योतिष भविष्यवाणी**

**पोखरा** : पोखरामा केही वर्षदेखि साहित्य तथा पत्रकारितामा कलम चलाउँदै आउनुभएका साहित्यकार फडिण्द्र अकिञ्चनको साहित्यिक पत्रिका प्रकाशनमा आएको छ।

उक्त पत्रिकाको वरिष्ठ साहित्यकार सरुभक्त, प्राज्ञ रमेश श्रेष्ठ, साााहित्यकार नुमराज बराल र स्वतन्त्र पत्रकार संघ नेपालका अध्यक्ष कृष्णप्रसाद बाँस्तोला र साहित्यकार कुलबहादुर के.सी.ले संयुक्त रुपमा विमोचन गर्नुभएको थियो।

अलिमिया लोकवाङमय प्रतिष्ठानले आयोजना गरेको सो कार्यक्रममा साहित्यकार कुलबहादुर के.सी.लाई सम्मान गरिएको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै वरिष्ठ साहित्यकार सरुभक्तले साहित्यिक पत्रिका पहिला निरन्तर र त्यसपछि व्यवसायिक हुनुपर्नेमा जोड दिनुभएको थियो। कार्यक्रममा उहाँले सम्मानित स्रष्टा कुलबहादुर के.सी.एक प्रभावशाली कवि भएको धारणा राख्नुभयो। कार्यक्रममा बोल्दै प्राज्ञ रमेश श्रेष्ठले वाङ्मयको विकासमा साहित्यिक पत्रिकाको महत्वपूर्ण स्थान रहने विचार व्यक्त गर्नुभयो। सम्मानित स्रष्टा कुलबहादुर के.सी.ले सो सम्मानबाट आँफू उत्साहित भएको

बाँकी २ पृष्ठमा...

विवाह, ब्रतबन्ध, पास्नी, जन्मदिन, दिकुटी पार्टी, वार्षिक साधारण सभा, बैठक, सेमिनार, प्रशिक्षण आदि कार्यक्रमको लागि पोखरामा सर्वाधिक उपयुक्त स्थान

उपलब्ध सेवाहरू:

- पोखरामा सबैभन्दा ठूलो पार्किङ एरिया
- अत्यन्त सुपथ दरमा तीन तारे होटलको सेवा उपलब्ध
- ठूला बाल्कोनी सहितको विशाल तथा आरामदायी कोठाहरु
- सबै कोठाहरूबाट हिमाल छर्लङ्ग देखिने
- २ वटा स्वीमिङ्ग पुल
- २० देखि २५० जनासम्म अटाउने ३ वटा हलहरू
- नि:शुल्क वाईफाईको सुविधा
- आकर्षक गार्डेन तथा पर्याप्त हरियालीसँग आत्मीय कर्मचारीहरू



होटल फेवा प्रिन्स प्रा. लि.
चाउथे, कुँडहर
'The Most Spacious Hotel in Pokhara'

फोन: ०६१-५२४७०१, ५२७९५२
मो. ९८५६०२८६१८
फ्याक्स: ०६१-५२४८८१
E-mail : fprince_pkr@wlink.com

**ज्योतिषवाणी - जन्मकुण्डलीको महत्व**

ललाटपट्टे लिखिता विधाता षष्ठीदिने याऽक्षरमालिका च ।
तां जन्मपत्री प्रकटीं विधत्ते दीपो यथा वस्तु घनान्धकारे ॥

जन्मदेखि छैटौंका दिन जातकको निधारमा भाग्यले जो लेखिदिन्छ, त्यसलाई प्रकट गर्ने काम जन्मकुण्डलीबाट हुन्छ, जस्तो कि अँध्यारोमा रहेको वस्तुलाई बलेको दियोले छर्लङ्ग देखाइदिन्छ ।

## सम्पादकीय

# ज्योतिष भविष्यवाणी १५औं वर्षमा

नेपाल अधिराज्यको इतिहासमा पहिलो र एकमात्र ज्योतिष समाचारपत्र 'ज्योतिष भविष्यवाणी' (साप्ताहिक) को जन्म २०५५ कार्तिक १७ गते भएको हो । भोलि कार्तिक १७ गतेका दिनदेखि १४ पुगेर १५औं वर्षमा प्रवेश गर्न गैरहेको ज्योतिष भविष्यवाणी पूर्वाञ्चल विकास क्षेत्रको मोरङ जिल्ला प्रशासन कार्यालयबाट दर्ता भै प्रकाशनमा आएको थियो । द.नं.११५ सि.नं.२/२०५५ सम्पादक डा.बलराम उपाध्याय रेग्मी, खुर्कोट-४, पर्वत हाल विराटनगर-१६, तपाईंलाई निम्न विवरणको पत्रपत्रिका प्रकाशित गर्नका लागि यो अस्थायी प्रमाणपत्र दिइएको छ । नाम ज्योतिष भविष्यवाणी, किसिम साप्ताहिक समाचारपत्र, भाषा नेपाली, आकार १०X१५, पृष्ठ संख्या ६ कम्तिमा, छापिने संख्या कम्तिमा ५०० प्रति, प्रकाशित हुने दिन प्रत्येक साताको मंगलबार, पत्रपत्रिका कार्यालय रहने स्थान : विराटनगर उपमहानरपालिका १४ जिल्ला मोरङ, मुद्रक मोरङ छापाखाना विराटनगर-१५ उल्लेख गरिएको छ ।

ज्योतिष भविष्यवाणी (साप्ताहिक) कार्तिक १७/२०५५ का दिन जन्मिन पुगेको थियो । मेची-महाकाली ज्योतिष जागरण अभियान (२०५३) को संयोजक/तालिम प्रमुखको रुपमा पूर्वाञ्चलको झापा, इलाम जिल्लास्तरीय ज्योतिष प्रशिक्षणको क्रममा जाँदा सो समाचारले अन्य पत्रपत्रिकामा स्थान पाउन नसकेको महसूस भएपछि ज्योतिष जागरण अभियानको आफ्नै समाचारपत्र हुनुपर्दछ भन्ने सोचका साथ यो पत्रिका मोरङ जिल्लामा जन्मिन पुगेको हो । वि.सं.२०५३ फाल्गुन ९ गतेदेखि २०५४/३/१६ गतेसम्म झापा जिल्लास्तरीय ज्योतिष प्रशिक्षण २०५४/३/१७ देखि आश्विन १३/२०५४ सम्म इलाम जिल्लास्तरीय ज्योतिष प्रशिक्षण पश्चात् प्रत्येक जिल्ला-जिल्ला भ्रमण र तालिमभन्दा पूर्वाञ्चल, मध्यमाञ्चल, पश्चिमाञ्च, सुदूरपश्चिमाञ्चलस्तरीय ज्योतिष प्रशिक्षण तालिम चलाउने उद्देश्यका साथ मोरङ जिल्लामा आइपुग्दा पनि आधुनिक अन्य विधाका पत्रकारको ध्यान ज्योतिषका समाचारमा कम पुगेको अनुभव भएपछि आफ्नै सम्पादनमा यो पत्रिका प्रकाशनमा आयो । वि.सं.२०५४ मंसिर २ गतेका दिनदेखि २०५६ सम्मको दुईवर्षे मोरङ बसाइमा यो पत्रिकाले स्थायी प्रमाणपत्र प्राप्त गर्न सफल भयो भने नेपालकै इतिहासमा ज्योतिष पत्रकारको रुपमा मोरङ जिल्लाबाट नेपाल पत्रकार महासंघको चुनाव लड्दा केन्द्रीय पार्षद्मा चुनाव जितेपछि नेपाल पत्रकार महासंघमा ज्योतिष पत्रकारिता विधाको प्रतिनिधित्व भएको थियो । वि.सं.२०५६ वैशाख १ गते नेपाल पत्रकार महासंघ मोरङको सदस्यता लिएर सोहि वर्ष चुनाव लडी चुनाव जिते यता १४ वर्ष पुगेर भोलि १५ वर्ष लाग्दैछ । वि.सं.२०५६ श्रावण १ गतेदेखि सूचना विभाग काठमाडौंबाट स्थायी भएको यो पत्रिका दर्ताको हिसाबले कार्तिक १७ जन्म दिवस परेता पनि पहिलो अंक प्रकाशनको हिसावले पौष १४/२०५५ का दिन तत्कालीन राजा वीरेन्द्रको जन्मदिन पारी प्रकाशित गरिएको थियो । विराटनगर-१४ भानुटोलमा राजपरिषद् सदस्य पं. मेघराज शर्माद्वारा विमोचित् यो पत्रिकाले मोरङ हुँदै कास्की सरुवा भै आउँदा समेत प्रेस काउन्सिल नेपाल तथा सूचना विभागले सकारात्मक सहयोग प्राप्त गर्न सकिरहेको छैन । वि.सं. २०५६/२०५७ मा दुई-दुई वर्ष प्रेस काउन्सिल नेपालको वर्गीकरणमा परेता पनि त्यसबेला 'ग' वर्गमा परेको रकम समेत पटक-पटक कोशिस गर्दा पनि लिन सकिएन । क्षेत्रीय संचार केन्द्र मोरङ्का राई थरका संचार प्रमुखले ज्योतिष भविष्यवाणीले प्रत्येक महिना पाउने रकम कसरी खाइदिए, सूचना विभागले किन खोजी गरिदिएन ? पटक-पटक सूचना विभाग धाउँदा पनि त्यो प्रति महिना पाउने रकम लिन सकिएन । त्यसको परिणाम वि.सं.२०५८ यता ज्योतिष भविष्यवाणीले प्रेस काउन्सिलको वर्गीकरणको फर्म भर्नै छाड्यो ।

जुन संस्थाले वर्गीकरणमा परेका पत्रिकाको पनि पैसा भुक्तानी गर्दैन त्यस्तो संस्थाको फर्म भर्ने औचित्य वि.सं.२०५८ यता ज्योतिष भविष्यवाणीले देखेन । जो पत्रिका नियमित प्रकाशनमा छैनन्, जो थोरै संख्यामा छापिन्छन् तर दावी हजारौंको गरिन्छ, झूटो विवरण पेश गर्न सक्ने पत्रकार, प्रेस काउन्सिल, सूचना विभागबाट पैसा लिएर मोजमस्ती गर्न सफल छन् भने जो वास्तविक पत्रकारिता क्षेत्रमा नियमित खटेका छन्, पटक-पटक प्रेस काउन्सिल धाउन सकेका छैनन्, त्यस्ता पत्रिकाको मूल्याङ्कन कहिल्यै राम्रो भएको छैन । जो पत्रकार प्रेस काउन्सिल र सूचना विभागका कर्मचारीसंग निकट सम्बन्ध गाँस्न सफल छन् ती पत्रकारका दुई पाने पत्रिका पनि 'क' वर्गमा परेको र मासिक करिब २१ हजार खाएको देख्दा वास्तविक पत्रकारलाई हाँसो लाग्दो पाइएको छ । प्रेस काउन्सिल नेपालले पत्रिकाको भाषा, विधान, आचारसंहिता, नियमितता, पाना, पुगे/नपुगेको सही मूल्याङ्कन गर्ने हो भने ज्योतिष भविष्यवाणी 'ग' वर्गमा पार्न कुनै हालतमा पनि सुहाउँदैनथ्यो तर राजनीतिक पत्रकारको भागवण्डामामात्र मूल्याङ्कन गर्ने प्रेस काउन्सिलमा वास्तविक पत्रकारिता गर्नेप्रति ध्यान जाँदो रहेनछ । '... लाई भन्दा देख्नेलाई लाज' भनेजस्तो जुन पत्रिकाको सम्पादक अंग्रेजी एम.ए., बी.एड्., बी.एल्., पी.एच.डी. योग्यतावाला छ उसको पत्रिका 'ग' वर्गमा पार्ने आँट गर्ने प्रेस काउन्सिलका मूल्याङ्कन कर्ताको योग्यतामाथि लाज लागेर आएपछि ज्योतिष भविष्यवाणीले २०५८ यता विगत १० वर्षको अवधिमा वर्गीकरणको फर्म भरेन । सूचना विभाग, प्रेस काउन्सिलको कुनै सहयोग नपाएता पनि पैसाको अभावमा ज्योतिष भविष्यवाणीलाई बन्द गर्नुपर्ने अवस्था आएको छैन, आउनेवाला पनि छैन तर नेपाल अधिराज्यकै ज्योतिष विधाको एकमात्र अखबार ज्योतिष भविष्यवाणीप्रति जुन प्रकारको भेद्भाव सूचना विभाग र प्रेस काउन्सिलले गरेका छन् मृत्युपछि समेत आँफै पछुताउनु पर्ने कर्म गरेका छन् । समय अझै छ सूचना विभाग र प्रेस काउन्सिलले यस पत्रिकाप्रति न्यूनतम् धर्म निभाउने ।

अन्त्यमा आर्थिक वर्षको हिसाबले १६औं वर्षमा प्रवेश गरेको, जन्मवर्षको आधारमा १५औं वर्षमा प्रवेश गरेको ज्योतिष भविष्यवाणी साप्ताहिकका तर्फबाट तपाईंहरू सम्पूर्ण शुभेच्छुक, वैरभाव राख्ने, सहयोग गर्ने, कटु विरोध गर्ने जो कसैप्रति हाम्रो हार्दिक शुभकामना ! चाहे सहयोगीको रुपमा होस्, चाहे विरोधीको रुपमा होस्, स्वदेश तथा विदेशमा रहेका हाम्रा समस्त पाठकप्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

# प्यारो गोर्जेलाई अध्ययन गरेपछि

शिवराज रेग्मी
पौवैगौंडे-१, स्याङ्जा
हाल : पोखरा-५, पर्स्याङ

कवि रामनाथ अधिकारी 'संगी'का बारेमा भन्नुपर्दा वि.सं.२००६ साल माघ ८ गते जन्मनुभएका र सानै उमेरमा बुबा आमाको न्यानो काखबाट बञ्चित अधिकारीको बालककाल संघर्ष र दुःखपूर्ण बितेको छ । आमाकी आमा हजुरआमाको सहारामा जसोतसो बालापनमा केही सहजताका साथ किशोर अवस्था हुँदै जवानीमा प्रवेश गरेका छन् । त्यसपछि मेलापात, घाँस दाउरा, वन जङ्गल, गाउँवेशी, डाँडापाखा, भञ्ज्याङ देउराली, मिजुरे गोर्जेका कान्छी, पुतली, माइली, साहिंलीसंग वन जङ्गल चौतारीमा जिस्किंदै, मस्किंदै भजन चुड्का, दोहोरीमा रमाउँदै हिंडेका थिए भने कतै अन्यायको विरुद्ध विद्रोहको स्वर उरालेका छन् । कतै समाज सेवामा काम पनि गरेका छन् । प्रकृतिप्रेमी अधिकारी अरुलाई दुःखेकोमा आँफूलाई पनि दुख्छ भन्ने समाजका असल मान्छेले गरेका असल कामप्रति पनि त्यत्तिकै चाँसो राख्छन् । जन्मे हुर्केको ठाउँलाई अत्यन्तै माया गर्ने संगी आँफूलाई लालनपालन गर्ने हजुरआमालाई केही गर्न नसकेकोमा बडा दुखी छन् । मान्छेले चाहेर केही पनि हुँदैन कर्म गर्दै जानुपर्छ जे गर्छन् ईश्वरले गर्छन् भनेर ईश्वरको भरोसामा छाडेका छन् । आँफूलाई आफ्नो पैतृक सम्पत्ति केही टाँठाबाठाले खाइदिएका र बाँकी बचेका खेतबारी पनि खोला पैह्राले लगेपछि बिरक्तिएर मन नलाग्दा-नलाग्दै पनि कैलाली धनगढी जानुपरेको दुःखेसो छ उनको । यी र यस्तै विषय वस्तुलाई समेटेर प्रकाशित गरिएको कविता कृति हो 'प्यारो गोर्जे' । कविता कृति आकारमा सानो भएता पनि कतिपय कविता




शास्त्रीय, अनुष्टुप, शार्दुल विक्रीडित छन्दमा रचित छन् भने कतिपय विभिन्न लोकलय छन्दमा कलात्मक, सुललित, लयात्मक, लालित्यपूर्ण तरिकाले लेखिएका छन् । मलाई लाग्छ कतिपय नाम चलेका कविका कविताभन्दा कम छैनन् । हाल कर्मथलो कैलाली बनाउँदै आएका संगी जवानी भै लोक साहित्यमा लागेका र वि.सं. २०३० सालमा कास्की जिल्लास्तरीय कविता प्रतियोगतामा प्रथम भएका छन् । मलाई लाग्छ उनले कविता पहिल्यैदेखि लेख्दै आएका हुन् तापनि वि.सं.२०६१ सालको कवितामा देखा परेका छन् । वि.सं. २०६६ सम्ममा दशवटा कृति प्रकाशन गरिसकेका छन् । यो कुरा म जस्तो साहित्यको विद्यार्थीका लागि अति नै महत्वपूर्ण शिक्षा हो तर २०३९ देखि २०६० सालसम्म एउटा पनि कृति प्रकाशित गर्न नसक्नु अनौठो र जिज्ञासाको विषय बन्न पुगेको छ ।

दक्षिण एशियाली ज्योतिष महासंघ तथा पोखरा ज्योतिष महाविद्यालय पोखरा-२, कास्की, नेपालका प्राचार्य वरिष्ठ ज्योतिषी एवं मेरा परम् गुरु आदरणीय डा.बलराम उपाध्याय रेग्मीद्वारा प्रकाशित 'प्यारो गोर्जे' मलाई अत्यन्तै मन परेको कृति हो । उहाँका अन्य कृतिहरू कस्ता छन् मैले अध्ययन गर्न पाएको छैन र अध्ययन नगरी केही भन्न सक्ने अवस्था पनि भएन । कृति अत्यन्तै राम्रो हुँदाहुँदै कताकती सामान्य कम्जोरी देखिन्छ । कृतिमा मलाई लागेको कुरा शास्त्रीय छन्दमा कताकती छन्द भङ्ग भएको छ भने एउटै विषयवस्तुलाई विभिन्न शीर्षक दिएर दोहोऱ्याइएको छ । जस्तै 'हृदयभित्रको गोर्जे, चिनारी गोर्जेको, प्राण प्यारो गोर्जे, गोर्जे मिजुरे शीर्षकका कवितालाई एउटै शीर्षक राखेर अलि लामो कवितामा बनाइएको भए सुन्दर हुने थियो जस्तो मलाई लागेको हो किनकी यी शीर्षकका कविताको सारवस्तु, वर्णन गरिएका विषयवस्तु उस्तै-उस्तै छन् ।

जे होस् लेखनी अत्यन्तै राम्रो छ । अर्को कुरा कविले यतिका कृति प्रकाशन गरिसक्दा पनि त्यति चर्चामा नआउनुले कतै ओझेलमा परेका हुन्कि भन्ने भान हुन्छ । त्यसैले आफ्ना कृतिहरू कुनै साहित्यिक संस्थाबाट प्रकाशन गर्दा राम्रो होलाजस्तो लाग्दछ । हुन त नाम चलेका कवि हुँ भन्नेले आँफूपछि परिन्छ कि भनेर पनि चर्चामा ल्याउन चाहदैनन् । तरपनि साहित्यिक संस्थामा केही बढी चर्चा पक्कै हुन्छ । हुनत कतिपय साहित्यकार चर्चामा आउन नआउन आफ्ना काम गरिरहन्छन् कसैको स्वभाव हुन्छ ।

अन्त्यमा म यो लेखनलाई विटमार्दै भन्न चाहन्छु अन्य कृति पनि प्रकाशित हुँदै जाउन कविको उत्तरोत्तर प्रगति होस् मेरो शुभकामना कविलाई धन्यवाद!

## अकिञ्चनको ...

धारणा राख्नुभयो ।

कार्यक्रममा प्रा.डा.रविलाल अधिकारीले कवि कुलबहादुर के.सी.को योगदान बारे चर्चा गर्दै भन्नुभयो,'उनका कवितामा जनताको जीवन समेटिएको छ ।' त्यस्तै स्वतन्त्र पत्रकार संघ नेपालका अध्यक्ष कृष्णप्रसाद बाँस्तोलाले नेपालमा पत्रिकाको दर्ता र प्रकाशन बढी भएपनि निरन्तरता सबैभन्दा महत्वपूर्ण भएको विचार व्यक्त गर्नुभयो । कार्यक्रममा साहित्यकार नुमराज बरालले कविता वाचन गर्नुभएको थियो । विमोचित सुनाखरी सन्देश पत्रिकाको समीक्षा यादवराज उपाध्यायले गर्नुभएको थियो । पत्रिकाको भावी योजनाको विषयमा बोल्दै प्रकाशक फडिन्द्र अकिञ्चनले सबैका रचना समेटेर वाङमयको विकासमा पत्रिका निरन्तर लाग्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । कार्यक्रममा साहित्यकार नुमराज बराल, पोखरेली युवा सांस्कृतिक परिवारकी अध्यक्ष सरस्वती प्रतीक्षा, लोक साहित्यकार डा.कुशुमाकर न्यौपाने, प्रा.डा. रविलाल अधिकारी लगायतले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो भने पुरस्कृत व्यक्तित्व साहित्यकार के.सी.को परिचय ताराप्रसाद तिमिल्सिनाले दिनुभएको थियो । सम्मानको राशि नगद रु.१५ हजार र सम्मानपत्र रहेको छ ।

कवि के.सी.लाई अलिमियाँ लोकवाङमय प्रतिष्ठान, लेखनाथ साहित्य प्रतिष्ठान र हरिदेवी कोईराला साहित्य संगीत सम्मान कोषले संयुक्त रुपमा सम्मान गरेको हो । अलिमियाँ लोकवाङ्मय प्रतिष्ठानका अध्यक्ष हनिफ मियाको अध्यक्ष्यतामा भएको कार्यक्रममा स्वागत प्रतिष्ठानका उपाध्यक्ष हरिदेवी कोईराला र संचालन सचिव पद्मराज ढकालले गर्नुभएको थियो ।

# तीर्थको स्मृतिमा सांगीतिक कार्यक्रम हुने

✍ **ज्योतिष भविष्यवाणी**

**पोखरा** : चर्चित लोक तथा दोहोरी गायक तीर्थ सागर सुवेदीको स्मृतिमा विविध सांगीतिक कार्यक्रम हुने भएको छ । उहाँकै २ वर्षीय छोरीको सहयोगार्थ सागर स्मृति विविध सांगीतिक कार्यक्रम हुने भएको हो ।

स्वर्गीय तीर्थ सागर सुवेदीका थुप्रै चर्चित लोक तथा दोहोरी गीतहरु सुन्न पाइन्छन । सुवेदीको पोखराको रानीपौवामा केहीवर्ष पहिले रातिको समयमा मोटरसाइकल दुर्घटनामा परी उपचारकाक्रममा मणिपाल अस्पतालमा निधन भएको थियो । कार्यक्रमबाट हुने आम्दानीलाई सुवेदीकी दुई वर्षीया छोरीको नाममा बैंकमा जम्मा गरिने कार्यक्रम संयोजक तथा चर्चित दोहोरी गायक राजन सुवेदीले जानकारी दिनुभयो ।

उक्त कार्यक्रममा नेपालकै ख्यातिप्राप्त कलाकारको प्रस्तुति रहने बताइएको छ । कार्यक्रममा प्रजापति पराजुली, पुरुषोत्तम न्यौपाने, ऋषि अधिकारी, राजु परियार, पशुपति शर्मा, राजेन्द्र सुवेदी, जीवन दाहाल, तारापति सुवेदी, मिलन थापा, पार्वती जि.सी., रीता थापा, राजन सुवेदी, गजलकार देवी बराल, हास्य कलाकार सुधन थापा, र लक्ष्मी दाहालको विशेष प्रस्तुति रहने बताइएको छ ।

पोखरका सम्पूर्ण दोहोरी साँझका कलाकार बाद्यवादक साहित्यकारहरुलाई कार्यक्रममा निम्त्याउने कार्यक्रमका आयोजक प्रश्न म्युजिकले जनाएको छ । उक्त कार्यक्रममा रु.एक सय, दुई सय, पाँच सय, र एक हजारका टिकट मूल्य तोकिएको छ । कार्यक्रम कात्तिक २५ गते शनिबार पोखरा उद्योग वाणिज्य संघ गैह्रापाटनमा हुनेछ ।

# प्र.म. भट्टराई...

डा. भट्टराईको जन्म-कुण्डली अनुसार उनी नियत खराब भएका व्यक्ति होइनन् तर उनका चल्दा दशाले चाहेजस्तो काम गर्न नसकेको उनका दशाहरू बताउँछन् ।

उमेरको ६० चल्दै गरेका प्रधानमन्त्री डा. बाबुराम भट्टराईको मृत्यु सत्तासीन रहेकै बेला हुने पनि उनको जन्मकुण्डलीबाट देखिएको छ । भट्टराईको कुण्डलीमा ससुराली भावमा चन्द्रमा बसेकाले हिसिला यमीसंग विवाह हुनु र नेवार जातिको सहयोग सबैभन्दा ज्यादा पाइने पनि कुण्डलीले जनाएको छ । समग्रमा प्रधानमन्त्री डा. बाबुराम भट्टराईले उमेरको ६२ पार नगर्दासम्म देशको परिस्थिति केही गरेपनि नसुध्रने देखिएको छ ।


# पोखरा ज्योतिष महाविद्यालयमा शैक्षिक सत्र २०६९ को भर्ना खुल्यो

विगत कैयौं वर्षदेखि हजारौं तालिम प्राप्त ज्योतिष व्यवसायी जन्माउन सफल, दिल्लीको नेपाल च्याप्टर पोखरा ज्योतिष महाविद्यालय अन्तर्गत ज्योतिष व्यवसायी तालिममा सहभागी हुन चाहने न्यूनतम १०+२ वा सो सरह उत्तीर्ण वा ज्योतिष र कर्मकाण्ड क्षेत्रमा संलग्न भई परम्परागत रुपमा काम गर्दै आइरहेका विशेष गरी शिक्षित बेरोजगार ईच्छुक छात्र/छात्रहरूलाई तुरुन्तै निवेदन दिन यो जानकारी सूचना गरिन्छ । न्यूनतम् २१ जना विद्यार्थी संख्या पुगेमा स्वदेश तथा विदेशका जुनसुकै जिल्ला सदरमुकाम, विकास क्षेत्र, प्रदेश, राजधानीमा पनि यो तालिम दिने व्यवस्था रहेको थप जानकारी गरिन्छ ।

तालिमका सम्पर्क केन्द्र- ज्योतिष भविष्यवाणी (साप्ताहिक) अर्चलबोटचोक (पोखरा-बाग्लुङ राजमार्ग) पोखरा, नेपाल ।

अन्तर्राष्ट्रिय ज्योतिष अनुसन्धान, प्रशिक्षण एवं भविष्यवाणी केन्द्र, खुर्कोट-४, पर्वत धौलागिरि, नेपाल

१) तालिमको नाम- आधारभूत ज्योतिष व्यवसायी तालिम (जन्मकुण्डली लेखक)(पूर्णाङ्क १००, उत्तीर्णाङ्क ६०)
तालिम अवधि-एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा सात घण्टाको अवधिमा कोर्ष पूरा गरिने) प्रथम चरणको लाग्ने शुल्क रु. ५१०१।- मात्र

२) तालिमको नाम - ज्योतिष भविष्यवक्ता (पूर्णाङ्क १००, उत्तीर्णाङ्क ६०)
तालिम अवधि - एक हप्ता (दैनिक १ घण्टा अथवा भर्ना भएको मितिदेखि ७ घण्टा) द्वितीय चरणको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१।- मात्र ।

३) तालिमको नाम - हस्तज्योतिष भविष्यवक्ता (पूर्णाङ्क १०० उत्तीर्णाङ्क ६०)
तालिम अवधि - एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) तृतीय चरणको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१।-मात्र ।

४) तालिमको नाम - राशिफल लेखक (पूर्णाङ्क १००, उत्तीर्णाङ्क ६०) ।
तालिम अवधि - एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) चौथो तहको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१।- मात्र ।

५) तालिमको नाम - ज्योतिष व्यवसायी प्रशिक्षक (पूर्णाङ्क १००, उत्तीणाङ्क ६०) ।
तालिम अवधि - एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) पाँचौ तहको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु.५१०१।- मात्र ।

६) तालिमको नाम - ज्योतिष पत्रकारिता (पूर्णाङ्क १००, उत्तीर्णाङ्क ६०)
तालिम अवधि - एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) छैटौं तहको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१।- मात्र ।

७) तालिमको नाम - मुहूर्त ज्योतिष विज्ञान (पूर्णाङ्क १००, उत्तीणाङ्क ६०)
तालिम अवधि - एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) सातौं तहको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१।-मात्र ।

८) तालिमको नाम - ज्योतिष वास्तु विज्ञान (पूर्णाङ्क १००, उत्तीर्णाङ्क ६०)
तालिम अवधि - एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) आठौं तहको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१।- मात्र ।

९) तालिमको नाम - रेडियो ज्योतिष पत्रकारिता
तालिमको अवधि - एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) आठौं तहको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१।-मात्र ।

१०) तालिमको नाम - टेलिभिजन ज्योतिष पत्रकारिता
तालिमको अवधि- एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) आठौं तहको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१।-मात्र ।

नेपाल बाहेक जुन देशमा यो ज्योतिष व्यवसायी तालिम दिइनेछ । माथि तोकिएको शुल्क त्यस देशको मुद्रामानै बुझाउनु पर्नेछ, अर्थात माथि तोकिएको शुल्क बराबर अन्य देशको मुद्रा नभई त्यसै देशको मुद्रामा शुल्क लागू हुनेछ ।

पत्राचार अथवा दुरशिक्षा/संस्थागतरुपमा ज्योतिष व्यवसायी तालिम सहभागी हुन चाहने आवेदकले तल तोकिएको सम्पर्क केन्द्रमा स्वयम् सम्पर्क गरी प्रवेश फर्म भर्ने अथवा E-mail: jbweekly@fewanet.com.np मार्फत प्रवेश फर्म झिकाइ सो माध्यमबाट नै पठाउन सकिन्छ । तालिम शुल्क राष्ट्रिय वाणिज्य बैंक शाखा महेन्द्रपुल, पोखरा, नेपालको बचत खाता नं. ३४३००९९९२८१० मा सिधै जम्मा गरेर अथवा पठाएर मात्रै कक्षामा प्रवेश गर्न पाइनेछ ।

**प्राचार्य**
**डा. बलराम उपाध्याय रेग्मी**
**पोखरा ज्योतिष महाविद्यालय**
**सम्पर्क : ९८५६०२०९१४/०६१-५४०३४७**
अर्चलबोटचोक, पो.व.नं.२०७, पोखरा, नेपाल ।
E-mail: jbweekly@fewanet.com.np
Website: www.jbweekly.com


# ज्योतिष भविष्यवाणी साप्ताहिकका वार्षिक सदस्यहरू

गताङ्कको बाँकी...

मितिः २०६९/४/१ गतेदेखि

| क्र.सं. | सदस्यहरुको नाम थर | ठेगाना | सम्पर्क फोन |
|---|---|---|---|
| ३३६ | चन्द्रकला घिमिरे | दुलेगौंडा, तनहुँ | |
| ३३७ | सन्तोष बस्नेत | बेगनास-९, कास्की | ९८०४१५५२८३ |
| ३३८ | चित्रबहादुर गुरुङ | मौजा-३, कास्की | ०६१-५३५९७६ |
| ३३९ | सागर गुरुङ | मौजा-३, कास्की | ०६१-५३५९७६ |
| ३४० | रामबहादुर गुरुङ | सीतापाइला, काठमाडौं | ९८५१०७६००१ |
| ३४१ | अनिश पौड्याल | पोखरा-११, कास्की | ९८४६३०३९११ |
| ३४२ | नारायणप्रसाद कोइराला | पोखरा-६, कास्की | ९८४६०२२७३० |
| ३४३ | नविन कोइराला | पोखरा-६, कास्की | ९८४६०२२७३० |
| ३४४ | पवन कोइराला | पोखरा-६, कास्की | ९८४६०२२७३० |
| ३४५ | भीमबहादुर बोहरा | दुनै, डोल्पा | ९८४६२८४३४७ |
| ३४६ | रविचन्द्र रानाभाट | राखी-४, कास्की | ९८४६०५४१६६ |
| ३४७ | इन्द्रमणि सुनार | धम्जा-४, बाग्लुङ | ९८४६१४५७१२ |
| ३४८ | नारायणप्रसाद भण्डारी | भरतपोखरी-९, कास्की | ९८१९१५२६४६ |
| ३४९ | सूर्यबहादुर गिरी | आर्थर-५, पर्वत | ९८०५८१५६०३ |
| ३५० | प्रेमराज गौतम | निर्मलपोखरी, कास्की | ९८०६७७४४१३ |
| ३५१ | रोशन बाँस्तोला | पोखरा-१७, कास्की | ९८०४१२१५५६ |
| ३५२ | विजय भण्डारी | निर्मलपोखरी-२, कास्की | ९८४६२९५०५६ |
| ३५३ | शरद पौडेल | ढिकुरपोखरी-८, कास्की | ९८४६३८८१४८ |
| ३५४ | सुमन सुवेदी | ठूलीपोखरी-७, पर्वत | ९८४६१६०४६५ |
| ३५५ | परिवर्तन ढकाल | सतौं, स्याङ्जा | ९८४६१६०४६५ |
| ३५६ | शान्ता सुवेदी | ठूलीपोखरी-७, पर्वत | ९८४६१६०४६५ |
| ३५७ | वीरबहादुर थापा | रानीपौवा, पोखरा | ९८०१०४५७६६ |
| ३५८ | सवनम थापा | रानीपौवा, पोखरा | ९८०१०४५७६६ |
| ३५९ | राजेन्द्र गुरुङ | पोखरा-१५, कास्की | ९८०४१३१७९९ |
| ३६० | सुन्दरी थापा | पोखरा-१४, कास्की | ०६१-५३३१०४ |
| ३६१ | शुरुची थापा | पोखरा-१४, कास्की | ०६१-५३३१०४ |
| ३६२ | रामबहादुर परियार | पोखरा-१४, कास्की | ०६१-५३४६२४ |
| ३६३ | ज्योति परियार | पोखरा-१४, कास्की | ०६१-५३४६२४ |
| ३६४ | सूर्यनाथ लामिछाने | ले.न.पा.-४, कास्की | |
| ३६५ | सम्झना क्षेत्री | पोखरा-१७, कास्की | ९८४६२१९५५६ |
| ३६६ | शिवदत्त भट्टराई | डडेलधुरा, महाकाली | ९८४६२१९५५६ |
| ३६७ | गणेश कार्की | पोखरा-१५, कास्की | ९८४४१७४१०५ |
| ३६८ | मुना बस्नेत | विराटनगर-११, मोरङ | ९८५११६६०६२ |
| ३६९ | सुजन बस्नेत | विराटनगर-११,मोरङ | ९८५११६६०६२ |
| ३७० | जोसना बस्नेत | विराटनगर-११,मोरङ | ९८५११६६०६२ |
| ३७१ | पृथ्वी थापा | पोखरा-१३, कास्की | ९८०३२१०१३२ |
| ३७२ | कपिल आचार्य | काहुँ-५, कास्की | ९८४९६०५८४५ |
| ३७३ | जीवन शर्मा | नेपालगंज, बाँके | ९८१९११३७९५ |
| ३७४ | ब्रिड गभिन ओ कन्वल | आयरल्याण्ड | ००३५३-८६-०८४३६४७ |
| ३७५ | नवराज ओझा | थुम्की-८,कास्की | ९८४६२७९८४५ |
| ३७६ | राजेन्द्र अधिकारी | पोखरा-११, कास्की | ९८४६३८५४६६ |
| ३७७ | इन्द्रबहादुर पौडेल | साँखर-५,स्याङ्जा | ९८४७४०७८५१ |
| ३७८ | भगवती भट्टराई | साँखर-५, स्याङ्जा | ९८४६२९२८७८ |
| ३७९ | शिवराज भण्डारी | कालिका-३, कास्की | ९८४६२६६५४१ |
| ३८० | इन्द्रबहादुर पौडेल | बुटवल, रुपन्देही | |
| ३८१ | सरस्वती थापा | बाग्लुङ | ९८४७७९५३१० |
| ३८२ | दिलकुमारी थापा | बाग्लुङ | ९८४७६६०२७० |
| ३८३ | समीक्षा थापा | रानीपोखरी-७, तनहुँ | |
| ३८४ | सुकमायाँ थापा | रानीपोखरी-७, तनहुँ | |
| ३८५ | शुभाष थापा | भगवतीपुर-३, तनहुँ | |
| ३८६ | सरोज गिरी | पालुङटार-९, गोर्खा | ९८०५८२२३६४ |
| ३८७ | सूर्य पौडेल | निर्मलपोखरी-३,कास्की | |
| ३८८ | पिताम्वर पौडेल | पोखरा-११, कास्की | ०६१-५२७८८७ |
| ३८९ | राजेन्द्र पौडेल | गैंडाकोट-२, नवलपरासी | ९८४५०५२००७ |
| ३९० | सुनज के.सी. | धापासी-७, काठमाडौं | ९८५१०६१०१२ |
| ३९१ | सुष्मा के.सी. | भलाम-३, कास्की | ९८०३५९०८०८ |
| ३९२ | शुशील के.सी. | भलाम-३, कास्की | ९८०६६३२३५० |
| ३९३ | गीता कार्की | व्यास-२, तनहुँ | ९८५६०६०११८ |
| ३९४ | ओमप्रकाश कार्की | व्यास-२, तनहुँ | ९८४६०६७००० |
| ३९५ | निशा कार्की | व्यास-२, तनहुँ | ९८४६०६७००० |
| ३९६ | जीता कार्की | व्यास-२, तनहुँ | ९८४६०६७००० |
| ३९७ | वसन्त अधिकारी | कृष्णपुर-६, चितवन | ९८४५५५०९१४ |
| ३९८ | श्यामकुमारी अधिकारी | कृष्णपुर-३, चितवन | ९८४५५५०९१८ |
| ३९९ | नेत्रबहादुर थापा | पोखरा-१०, कास्की | ९८१६१३३८५६ |
| ४०० | छविलाल थापा | पोखरा-१०, कास्की | ९८१६१३३८५६ |
| ४०१ | शुकदेव चौधरी | | |
| ४०२ | निमिशा कार्की | व्यास-२, तनहुँ | ९८४६०६७००० |

क्रमशः

# विक्रम विश्वविद्यालय

## उज्जैन, मध्यप्रदेश, भारत

**पाठ्यक्रम**

विषय : ज्योतिर्विज्ञान

एम.ए. प्रथम सेमेस्टर

सत्र 2011-12

| प्रश्नपत्र | प्रश्नपत्रको शीर्षक | पूर्णाङ्क |
|---|---|---|
| प्रथम | ज्योतिर्गणित एवं ज्योतिर्विज्ञान | ५० |
| द्वितीय | फलित ज्योतिष | ५० |
| तृतीय | संस्कृत | ५० |
| चतुर्थ | वास्तुशास्त्र | ५० |
| | योग | २०० |

**नोट** : प्रत्येक प्रश्नपत्रमा १० अंक (२० प्रतिशत्) आन्तरिक मूल्यांकन उद्देश्यले निर्धारित हुनेछ ।

क्रमाङ्क, अकादमिक, सम्मिलन, २०११/२०१२ दिनाङ्क २/८/२०११ को सन्दर्भमा परीक्षा योजना एवं प्रश्नपत्रको संरचना निम्नअनुसार हुनेछ ।

१. आन्तरिक मूल्याङ्कन कार्य २० प्रतिशत् एवं सैद्धान्तिक परीक्षा ८० प्रतिशत् अंकको आयोजना हुनेछ ।

२. प्रश्नपत्रको गठन दुई खण्डमा हुनेछ : खण्ड 'अ' एवं खण्ड 'ब' । खण्ड 'अ' मा लघु उत्तरीय प्रश्न हुनेछन् तथा खण्ड 'ब'मा दीर्घ उत्तरीय प्रश्न हुनेछन् । लघु उत्तरीय प्रश्नको शब्दसीमा अधिकतम् १०० शब्द हुनेछ एवं दीर्घ उत्तरीय प्रश्नको उत्तरको शब्दसीमा अकितम् ८०० शब्दको हुनेछ । लघु उत्तरीय प्रश्न ३ अंकको ५ (३x५=१५) एवं दीर्घ उत्तरीय प्रश्न ५ अंकको ५(५x५=२५) हुनेछ । प्रत्येक इकाईमा आन्तरिक विकल्प पूर्ववत् नै रहनेछ ।

३. १० अंकको एकमात्र आन्तरिक मूल्याङ्कन प्रत्येक प्रश्नपत्र निमित्त निर्धारित हुनेछ ।

**कक्षा : एम.ए.**

**विषय : ज्योतिर्विज्ञान**

प्रथम प्रश्नपत्र-ज्योतिर्गणित एवं ज्योतिर्विज्ञानको इतिहास

सेमेस्टर : प्रथम

कूल अंक ५०

इकाई-१ ज्योतिष शास्त्र : डा. कामेश्वर उपाध्याय
-आर्ष ज्योतिष परिचय
भारतीय ज्योतिष : डा. नेमिचन्द्र शास्त्री
-भारतीय ज्योतिषको स्वरुप, विकास एवं काल वर्गीकरण

इकाई-२ ज्योतिष शास्त्र : डा. कामेश्वर उपाध्याय
-पञ्चाङ्ग परिचय
गोल परिभाषा : डा. कामेश्वर उपाध्याय
-ज्योतिर्वैज्ञानिक परिभाषा

इकाई-३ भारतीय ज्योतिष : डा. नेमिचन्द्र शास्त्री
-भचक्र एवं ग्रह, राशि एवं नक्षत्र स्वरुप तथा संज्ञा

इकाई-४ कालमान तथा परिवर्तन/अक्षांश देशान्तर
-इष्टकाल साधन, अयनांश साधन, पलभा साधन
Table Of Ascendants : N.C. Lahiri
(चरसाधन एवं सूर्योदय(सूर्यास्त)अर्वाचीन पद्धति)

**आन्तरिक मूल्याङ्कन**

**अनुशंसित ग्रन्थ**

१. ज्योतिषशास्त्र-डा.कामेश्वर उपाध्याय, त्रिस्कन्ध ज्योतिष प्रकाशन, वाराणसी
२. गोल परिभाषा : डा. कामेश्वर उपाध्याय, चौखम्भा संस्कृत संस्थान, वाराणसी
३. भारतीय ज्योतिष : डा. नेमिचन्द्र शास्त्री, भारतीय ज्ञानपीठ, नयाँदिल्ली
४. Table Of Ascendants-M.K. Lahiri, Astro Research Bureau, Calcutta
५. बृहत्पाराशरहोराशास्त्रम्-श्री गणेशदत्त पाठक, सावित्री ठाकुर प्रकाशन, वाराणसी
६. Lahiri's Indian Ephemeris of Planets postion According to "Nirayan" of sidereal system for current year-N.C. Lahiri Astro Research Bureau, Calcutta
७. मेनुअल अफ अस्ट्रोलोजी : सम्बद्ध अंश-बी.बी.रमन पब्लिकेशन, बैङ्लोर
८. भारतीय कुण्डली विज्ञान-मीठालाल ओझा, वाराणसी
९. गोल परिभाषा-पण्डित सीताराम झा, पण्डित सीताराम पुस्तकालय, चोगभा, बहेरम, दरभंगा, भारत

**कक्षा : एम.ए.**

**विषय : ज्योतिर्विज्ञान**

**द्वितीय प्रश्नपत्र(फलित ज्योतिष)**

**सेमेस्टर : प्रथम**

कूल अंक ५०

इकाई-१ जातक पारिजात : वैद्यनाथ
अध्याय १-राशिशीलाध्याय
अध्याय २-ग्रहनामस्वरुपगुणभेदाध्याय

इकाई-२ जातक पारिजात : वैद्यनाथ
अध्याय ६-जातकभङ्गाध्याय
अध्याय ७-राजयोगाध्याय

इकाई-३ लघुपाराशरी : पाराशर
श्लोक १ देखि २०

इकाई-४ लघुपाराशरी : पाराशर
श्लोक २१ देखि अन्त्यसम्म

इकाई-५ योगचिन्तामणि : वामन सम्पूर्ण ग्रन्थ

**आन्तरिक मूल्याङ्कन**

**अनुशंसित ग्रन्थ**

१. जातकपारिजात -वैद्यनाथ, टीकाकार : पण्डित कपिलेश्वर शास्त्री, चौखम्भा संस्कृत संस्थान, वाराणसी
२. जातकपारिजात-प्रथम एवं द्वितीय भाग) (वैद्यनाथ, टीकाकार : गोपेशकुमार ओझा, मोतीलाल बनारसीदास, दिल्ली
३. लघुपाराशरी-पाराशर, टीकाकार : डा.उमेशपुरी ज्ञानेश्वर, रणधीर प्रकाशन हरिद्वार
४. लघुपाराशरी-पाराशर, टीकाकार : श्री वासुदेव गुप्त, सावित्री ठाकुर प्रकाशन, रथयात्रा चौराहा, वाराणसी
५. लघुपाराशरी-पाराशर, भाष्यकार : दीवान रामचन्द्र कपूर, मोतीलाल बनारसीदास, वाराणसी
६. योगचिन्तामणि एवं व्यवहार ज्योतिष(डा.राजेश्वर शास्त्री मुसलगाँवकर एवं डा.शुभम् शर्मा

**कक्षा : एम.ए.**

**विषय : ज्योतिर्विज्ञान**

**पेपर शीर्षक : तृतीय प्रश्नपत्र-फलित ज्योतिष**

**सेमेस्टर : प्रथम**

कूल अंक ५०

इकाई-१ हितोपदेश : विष्णु शर्मा
केवल मित्रलाभ

इकाई-२ लघुसिद्धान्तकौमुदी : श्री वरदराजाचार्य
अच् सन्धि प्रकरण विकल्प सहित एक सूत्रको सोदाहरण व्याख्या

इकाई-३ प्रारम्भिक रचनानुवाद कौमुदी : कपिलदेव द्विवेदी
संस्कृत व्याकरण तथा ५ वाक्यको संस्कृत अनुवाद
शब्दरुप एवं धातुरुप : शब्दधातुचन्द्रिका
शब्दरुप-राम, हरि भूभृत, भानु, आत्मन्, रमा, रुचि, नदी, धेनु, ज्ञान, पयस्, मधु, अस्मद्, युष्मद्, तत् तथा चन्द्रमस्
धातुरुप-भू, गम्, पा, रक्ष, अद,दा, प्रच्छ, कृ, ज्ञा, चुर् तथा ब्रू (लट्, लृट्, लोट् तथा लङ्(विधि लिङ्))

इकाई-४ छन्द एवं अलंकार
आर्या, अनुष्टुप, इन्द्रवज्रा, उपेन्द्रवज्रा, वंशस्थ, द्रुतविलम्वित, वसन्ततिलका, मालिनी, मन्दाक्रान्ता, शिखरिणी, तथा शार्दूलविक्रीडित (विकल्प सहित एक छन्दको लक्षण उदाहरणपूर्वक संगति)

इकाई-५ निम्नलिखित अलंकारको लक्षण एवं उदाहरण
अनुप्रास, यमक, उपमा, रुपक, उत्प्रेक्षा, अतिसयोक्ति, सन्देह, तुल्ययोगिता, विभावना, विशेषोवित अन्य अनन्वय

**आन्तरिक मूल्याङ्कन**

**अनुशंसित ग्रन्थ**

१. शब्दधातुचन्द्रिका-सम्पादक : डा.राजेश्वर शास्त्री मुसलगाँवकर
२. प्रारम्भिकरचनानुवादकौमुदी-डा. कपिलदेव द्विवेदी
३. छन्दोकलंकारसौरभम्-डा.राजेन्द्र मिश्र
४. हितोपदेश-: नारायण पण्डित
५. लघुसिद्धान्तकौमुदी : श्री वरदराजाचार्य

**कक्षा : एम.ए.**

**विषय : ज्योतिर्विज्ञान**

**पेपर शीर्षक : चतुर्थ प्रश्नपत्र-वास्तुशास्त्र**

**सेमेस्टर : प्रथम**

कूल अंक ५०

इकाई-१ विश्वकर्माप्रकाश : आचार्य विश्वकर्मा-अध्याय १ (८)
वास्तुपुरुषोत्पति
वास्तुशास्त्रको इतिहास

इकाई-२ विश्वकर्माप्रकाश : आचार्य विश्वकर्मा
भूमि चयन, भूमि परीक्षण, भूमिको प्लव (८)

इकाई-३ वास्तुसौख्यम्-अध्याय १
वास्तुरत्नाकर-अध्याय २ दिक्साधन (८)

इकाई-४ वास्तुरत्नाकर-अध्याय १
ग्रामवास विचार (८)

इकाई-५ विश्वकर्माप्रकाश : आचार्य विश्वकर्मा-अध्याय २
भवनको प्रकार
विभिन्न प्रकारको गृहप्रमाण
बृहत्संहिता : आचार्य वराहमिहिर-अध्याय ५२ (८)

**आन्तरिक मूल्याङ्कन** (१०)

**अनुशंसित ग्रन्थ**

१. विश्वकर्माप्रकाश : टीका-गणेशदत्त पाठक, ठाकुरप्रसाद पुस्तक भण्डार, काशी
२. बृहद्वास्तुमाला -चौखम्भा प्रकाशन, वाराणसी
४. बृहत्संहिता -टीका-सुरेशचन्द्र मिश्र, रञ्जन पब्लिकेशन्स्, दिल्ली
५. वास्तुरत्नाकर -टीका-पण्डित विन्ध्येश्वरी प्रसाद द्विवेदी, चौखम्भा संस्कृत सिरीज, वाराणसी

# पोखरेलीको रिले अनसन जारी

✍ज्योतिष भविष्यवाणी

**पोखरा** : पोखरामा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा दवाब दिन पोखरा विमानस्थल अगाडि थालिएको रिले अनसन बुधबारसम्म पनि जारी छ ।

अनसनमा बुधबारसम्म १ हजार ८ सय ४८ जना बसिसक्नु भएको छ । अनसनमा मंगलबार राति आठबजेदेखि आइतबार बिहान आठ बजेसम्म पञ्चमूल पोखरा सम्पर्क समाजका अध्यक्ष, पदाधिकारी र सदस्य बस्नु भएको थियो ।

अनसनमा लालकुमार अधिकारी, ऋषिराम ढकाल, झविलाल लामिछाने, ढाकाराम ढकाल, मीनप्रसाद गुरुङ, लोकनाथ ढकाल, कोपिला तिवारी, कृष्णकला ढकाल, बद्रीप्रसाद ढकाल, शेषकान्त ढकाल, गंगादेवी ढकाल, झविश्वर ढकाल र अर्जुन तिवारी बस्नुभएको रिले अनसन व्यवस्थापन उपसमितिका संयोजक सोम थापाले जानकारी दिनभुयो । सोमबार बिहान आठ बजेदेखि राति आठ बजेसम्म ढुङ्गेसाँघु सीता पाइला आमा समूह महतगौंडाका अध्यक्ष, पदाधिकारी, सदस्य र सल्लाहाकार अनसनमा बस्नु भएको थियो ।

अनसनमा गौमाया थापा मगर, राधा भण्डारी, जुना मल्ल, जुना गुरुङ, भीमकुमारी वि.क., कमल पाण्डे, देवी रानामगर, खरिका भण्डारी, उमा गिरी, पार्वती गुरुङ, सरिता रानामगर, सुनीता भण्डारी, सुन्तली मानन्धर, सुमित्रा नेपाली, सरस्वती तिवारी र सल्लाहाकार नगेन्द्र गुरुङ, नरेन्द्र गिरी, लक्ष्मण भण्डारी बस्नुभएको थियो ।

## अपशोच भयौ संविधानसभा

✍'हिमाल पुत्र' दिलीप

अनन्य पिडा बोध भइरहेछ
संविधान सभाको मृत्युसँगै
अपशोच यहाँ,
संविधानसभा आएन
यहाँ दुष्ट आत्मा र प्रेतात्माहरू
एउटा चौबाटोमा खुशी मनाइरहेछन्
साथै,
निर्लाज संविधानसभाको भूत
एक कुनामा रोइरहेछ
मलाई ब्यूँताउ भनेर
के गर्नु खै !
मरेको बाँच्ने विधिमा व्यवस्थै रहेनछ ।
ए संविधानसभा
तिमीलाई डाइलोसिस गरेर
एकजुनी आयु हुवात्तै बढाएकै हो
अपशोच प्रयास निरर्थक भयो
आखिर तिमी मर्नुथियो मर्यौ
हामीसंग यो समयमा
पिण्ड पानीमात्र बाँकी छ,
तिम्रो चिरआत्माका लागि ।
हामी चाहन्छौं यो वर्ष
तिहार नआए नआओस्
फिक्रि थिएन नयाँवर्ष नआए पनि
कल्पना र चाहनाको त्यो स्वर्णिम सपना
शयपत्री र मखमलीको माला उनेर
संविधानसभाको स्वागत गर्न पाइयोस्
जुन हर्ष र खुशीमा नयाँवस्त्र लगाउँथ्यौ,
चौरासी व्यञ्जन खान्थ्यौ
ऋण गरेर पनि
अनि फरक के पर्थ्यो र !
चन्द्र सूर्यको उज्यालो ज्योतिमा
रातदिन नाच्थ्यौ, गाउँथ्यौ
र अपूर्व सुखका सौभाग्य साट्थ्यौ
अपशोच भयौ संविधान सभा
ईतिहासको कलङ्क ।

# धार्मिक सामान्यज्ञान

१. चारैतिरबाट आपत्तिमाथि आपत्ति आइलागे, जेल जानुपर्‍यो, मुद्धा पर्‍यो, हुँदै नभएको काम कुरामा बद्नाम हुनुपर्‍यो भने त्यस्तो बेलामा के गर्दा शान्ति हुन्छ ?–गणेश पुराण महायज्ञ

२. कुनै व्यक्तिलाई कुष्ठरोग लाग्यो भने के गरे ठीक हुन्छ ?

*–सर्वप्रथम गणेशका मन्त्रले १०८ पटक जल मन्त्रेर कुष्ठरोगीको शरीरमा छर्कर्ने, त्यसपछि कुष्ठरोगीको नाममा शुभ दिन पारेर गणेश पुराण लगाइदिएमा कुष्ठरोगीको रोग पूरा ठीक हुन्छ, औषधि पनि तबमात्र लाग्दछ ।*

३. कुनै महिलाको गर्भ रहने तर दुई–तीन महिनामा गर्भ तुहिने, बिग्रने भयो भने अचूक उपाय के हो ? *–शुभ दिन पारेर ती महिलाको हातबाट गणेशपुराणको पुस्तक दान गरिदिने त्यसपछिमात्र औषधि उपचार गर्ने ।*

४. घरको ट्‍वाइलेट्‍ वास्तु तथा गणेश पुराणमा उल्लेखित विधिबाट गराउने हो भने कुन दिशा गराउनु शुभ हुन्छ ?

*–नैऋत्य दिशा अर्थात्‍ दक्षिण र पश्चिम्‍ दिशाको बीच पारेर ।*

५. दिनमा दिशा पिशाव कुन दिशा फर्केर गर्नुपर्दछ ?

*–उत्तर दिशामात्र ।*

६. रातमा दिशापिशाब लागेमा कता फर्केर गर्नुपर्दछ ?

*–दक्षिण दिशा*

७. रातमा दिशा पिशाव गरेपछि हातलाई पूरा चोखो पार्ने हो भने कतिपटक हात या इन्द्रिय धुनुपर्दछ ?

*–इन्द्रियलाई कम्तिमा ५ पटक धुनुपर्दछ, देब्रे हातलाई माटोपानी अथवा साबुन पानीले १० पटक, त्यसपछि दुवै हातलाई ७ पटक।*

८. यदि पुरुष व्यक्ति या महिलाले यौन अङ्ग छोएर पिशाब गर्‍यो भने उसको हात कतिपटक धोएमा चोखो हुन्छ ?

*–३ पटक*

९. *जीवनमा सर्वत्र प्रथम श्रेणीको उन्नति गर्न बिहानमा कतिबजे उठ्नुपर्दछ ? –ठीक ४ बजे*

*(स्रोत : गणेश महापुराण, संकलक:ज्योतिष भविष्यवाणी)*



**पालो कतिबेला आउला ?** विन्ध्यवासिनी धार्मिक सेवा समितिको आयोजनामा आयोजित नव दुर्गा महोत्सवमा चिटिक्क सिंगारिएको पोखराको प्रसिद्ध धार्मिक शक्तिपीठ विन्ध्यवासिनी मन्दिरको साथमा कोजाग्रत पूर्णिमाका दिन पूजाआजा गर्न लामवद्ध भक्तजनहरू । विन्ध्यवासिनी मन्दिरमा घटस्थापनादेखि शुरु भएको नवदुर्गा महोत्सव महानवमीका दिन सम्पन्न भएको थियो भने विजयादशमी समापनको अवसर कोजाग्रत पूर्णिमाका दिन पोखराको विन्ध्यवासिनी, भद्रकाली, बाराही लगायत देशभरका भगवती देवी तथा दुर्गाको मन्दिरमा हिन्दू धर्मावलम्वी भक्तजनको दिनभर घुइँचो लागेको थियो । विश्वको एकमात्र हिन्दूराष्ट्र नेपाललाई धर्म निरपेक्ष घोषणा गरेपनि हिन्दू धर्मावलम्वीको आस्थामा कुनै कमि आएको छैन । तस्वीर : हरि पन्त/ज्यो.भ.

**ज्योतिषशास्त्र नैतिक शिक्षा पनि हो ।**

# नेपालको इतिहासमा ज्योतिष भविष्यवाणी पहिलो

**ज्योतिष भविष्यवाणी**

**काठमाडौं**: नेपाल अधिराज्यको इतिहासमा ज्योतिष भविष्यवाणी (साप्ताहिक) नेपालको ज्योतिष पत्रकारिताको इतिहासमा पहिलो र एकमात्र रहेको संचार मन्त्रालय सूचना विभाग तथा प्रेस काउन्सिल नेपालले पुष्टि गरेको छ ।

वि.सं. २०६९ आश्विन महिनामा प्रकाशित प्रेस काउन्सिल नेपालको प्रतिवेदनमा ज्योतिष विधामा नियमित प्रकाशित हुँदै आएको ज्योतिष भविष्यवाणी (साप्ताहिक) ज्योतिष समाचारपत्र नेपालको पहिलो र एकमात्र रहेको पुष्टि भएको छ ।

सूचना विभागको मेडिया डाइरेक्ट्रीमा सम्पादक ताराप्रसाद नेपाल रहेको ‘ज्योतिष सन्देश’ द्वैमासिकको नाम उल्लेख भएता पनि सो पत्रिका नियमित नरहेको र वार्षिक प्रकाशित अङ्क समेत प्रेस काउन्सिलमा बुझाइएको नपाइएकोले प्रेस काउन्सिलको प्रतिवेदन अनुसार सरकारी रिकर्ड अनुसार अब ज्योतिष भविष्यवाणी (साप्ताहिक) नेपालको एकमात्र नियमित ज्योतिष समाचारपत्र हुन गएको छ ।

वि.सं. २०५५ कार्तिक १७ गते पूर्वाञ्चलको मुटु मोरङ जिल्लामा दर्ता नं.११५/२०५५ रहि प्रकाशनमा आएको ज्योतिष भविष्यवाणी आर्थिक वर्षको हिसाबले १५ वर्ष पुगि १६औं वर्षमा चलिरहेको छ भने दर्ता मितिको आधारमा यहि कार्तिक १७ गते देखि १४औं बर्षमा पुगि कार्तिक १८ गते १५औं बर्षमा प्रवेश गर्नेछ ।

विगत १५ वर्षको नेपाली ज्योतिष पत्रकारिताको इतिहासमा जे.वी.विक्ली डट्‍कम्‍ अनलाइन संस्करण नेपाली सन्‍ २००५ र अंग्रेजी संस्करण सन्‍ २००७ मा प्रकाशनमा आएता पनि ज्योतिष भविष्यवाणीका यी आफ्ना वेवसाइट बाहेक नेपाल अधिराज्यबाट अन्य कसैको ज्योतिष विधागत समाचारपत्र प्रकाशनमा आउन सकेको छैन ।

संस्थापक, सम्पादक र प्रकाशक ज्योडा.बलराम उपाध्याय रेग्मीको सम्पादनमा नियमित प्रकाशनमा रहेको jbweekly.com र ज्योतिष भविष्यवाणीलाई इन्टरनेट तथा छापा माध्यमका पाठक गरी ६३ हजार पाठकले अध्ययन गरिरहेको मोटिगो वेवस्टाटले जनाएको छ । www.facebook.com/jbweekly बाट के कति पाठकले अध्ययन गर्छन्‍ त्यसको रिपोर्ट आउन बाँकी छ भने रेडियो अन्नपूर्ण ९३.४ पोखरा गैह्रापाटनबाट विगत ११ वर्षदेखि नियमित संचालन गरिंदै आएको कार्यक्रम साप्ताहिक ज्योतिष भविष्यवाणीका स्रोता समेतको गणना गर्दा हाल ज्योतिष भविष्यवाणीको नाम सुन्ने, यसको उपयोग गर्नेमा करीब डेढ करोड जनसंख्या रहेको छ ।

त्यस्तै सोमबार बेलुकी ५ देखि ६ बजेबीच धौलागिरि एफ्‌.एम्‌. बाग्लुङको साप्ताहिक कार्यक्रम ‘ज्योतिष जागरण’ मा ज्योतिष भविष्यवाणी समेतको प्रस्तुतिले यसका स्रोता पाठक डेढ करोड भन्दा ज्यादा हुन सक्ने सहजै अनुमान गर्न सकिन्छ ।

रेडियो ज्योतिष कार्यक्रम अनलाइन संस्करण, फेसबुक संस्करण तथा छापा माध्यमबाट एकैसाथ पाठकमाझ एवं स्रोतामाझ पुग्ने ज्योतिष भविष्यवाणी नेपालबाट दर्ता भएका पत्रपत्रिकामध्ये विधागत हिसावले पहिलो त छँदै छ सर्कुलेशनको हिसावले पनि नेपालका मूल प्रवाहका पत्रिका भन्दा पछाडि छैन भन्ने कुरा यसका असंख्य पाठक स्रोताले पुष्टि गर्दै आएका छन्‍ ।

# ज्योतिष भविष्यवाणीका सेवाहरू

१. भर्खरै जन्मेका बच्चा/बच्चीको हालसम्म चिना जन्मकुण्डली बनेका छैनन्‍ भने यहाँ नयाँ चिना बनाइन्छ ।
२. पुराना कच्चा कागजमा बनेका, फाटेका धुजा हुन लागेका वा मेटिन लागेका चिना फेरि नयाँ बनाइन्छ ।
३. चिना र हस्तरेखाबाट तुलनात्मक अध्ययन गरी शतप्रतिशत भूत, वर्तमान, भविष्यका बारेमा लिखित ग्यारेण्टी तथा अडियो क्यासेटमा रिकर्ड गरी भविष्यवाणी गरिन्छ ।
४. ज्योतिष व्यवसायी तालिम संस्थागत तथा पत्राचार, टेलिभिजन तथा रेडियोमार्फत दिइने व्यवस्था चलिरहेको छ ।
५. ज्योतिष चिकित्सा परामर्श सेवा नियमितरूपमा संचालित छ । अन्यत्रको उपचार नलागेका व्यक्तिहरू सम्पर्क गरी सो सेवा लिइरहनुभएको छ ।
६. पुरानाभन्दा पुराना रोग पत्ता लगाइन्छ । ज्योतिषको वैज्ञानिक उपचारबाट बिरामी ठीक गरिन्छ ।
७. ज्योतिष भविष्यवाणी पत्राचारबाट पनि लेखिपठाउने व्यवस्था छ ।
८. नेपाली कागजमा तथा आधुनिक सर्टिफिकेट मोडलमा छापा विभिन्न २/४/८ कुण्डलीका फर्म यहाँ किन्न पाइन्छ ।
९. ज्योतिष जागरण (मासिक), ज्योतिष भविष्यवाणी (साप्ताहिक), ज्योतिष आवाज (मासिक), स्वयं ज्योतिषी, ज्योतिष वैज्ञानिक उपचार, हाम्रा प्रकाशन खोजी–खोजी पढ्नुहोस्‍ ।
१०. एकसय वर्षका पुराना पात्राहरू चाहिएमा हामी हेर्ने सुविधा दिन्छौं ।
११. रेडियो अन्नपूर्ण ९३.४ पोखराबाट विगत ११ वर्षदेखि नियमित संचालित साप्ताहिक ‘ज्योतिष भविष्यवाणी’ कार्यक्रम प्रत्येक शनिबार बेलुकी ३:३० बजेदेखि ५ बजेसम्म प्रशारित भइरहेको छ, सुन्दै गर्नुहोला । यस कार्यक्रममा पत्र पठाउँदा कुनै शुल्क लाग्ने छैन ।
१२. प्रत्येक हप्ताको सोमबार बेलुकी ५ देखि ६ बजेबीच धौलागिरि एफ.एम.९८.६ बाग्लुङबाट हाम्रो साप्ताहिक कार्यक्रम ‘ज्योतिष जागरण’ संचालन भैरहेको छ, सुन्दै गर्नुहोला ।

सम्पर्क ठेगाना

**ज्योतिष भविष्यवाणी**

(राष्ट्रिय साप्ताहिक)

केन्द्रीय स्थायी कार्यालय : खुर्कोट-४, पाङ, पर्वत, धौलागिरि, नेपाल

पत्राचार, संपादन, वितरण, ज्योतिष परामर्श, ज्योतिष उपचार कार्यालय :

पोखरा-२, अर्चलबोटचोक, कास्की, नेपाल पो.ब.नं. 207, पोखरा, नेपाल ।

Phone/Fax - +977-61-540347

Mobile Phone: +977-9856020914, 9856030914, 9726153684 (Direct)

E-mail: jbweekly@fewanet.com.np/haripanta@gmail.com

Website: www.jbweekly.com, www.Facebook.com/jbweekly

# साप्ताहिक दैनिक शुभ समय कार्य तालिका

ज्यो.डा.बलराम उपाध्याय रेग्मी

| | |
|---|---|
| बिहीबार<br>२०६९/७/१६<br>Nov.1, 2012 | बिहान ६:१५ बजेदेखि ७:४५ बजेसम्म शुभ/बिहान ७:४५ बजेदेखि ९:१५ बजेसम्म रोग/बिहान ९:१५ बजेदेखि १०:४५ बजेसम्म उद्वेग/बिहान १०:४५ देखि १२:१५ बजेसम्म चर/दिनमा १२:१५ देखि दिनमा १:४५ बजेसम्म लाभ/दिनमा १:४५ बजेदेखि ३:१५ बजेसम्म अमृत/दिनमा ३:१५ देखि ४:४५ बजेसम्म काल/बेलुकी ४:४५ देखि ६:१५ बजेसम्म शुभ। |
| शुक्रबार<br>२०६९/७/१७<br>Nov.2, 2012 | बिहान ६:१६ बजेदेखि ७:४६ बजेसम्म चर/बिहान ७:४६ बजेदेखि ९:१६ बजेसम्म लाभ/बिहान ९:१६ बजेदेखि १०:४६ बजेसम्म अमृत/बिहान १०:४६ देखि १२:१६ बजेसम्म काल/दिनमा १२:१६ देखि दिनमा १:४६ बजेसम्म शुभ/दिनमा १:४६ बजेदेखि ३:१६ बजेसम्म रोग/दिनमा ३:१६ देखि ४:४६ बजेसम्म उद्वेग/बेलुकी ४:४६ देखि ६:१६ बजेसम्म चर। |
| शनिबार<br>२०६९/७/१८<br>Nov.3, 2012 | बिहान ६:१७ बजेदेखि ७:४७ बजेसम्म काल/बिहान ७:४७ बजेदेखि ९:१७ बजेसम्म शुभ/बिहान ९:१७ बजेदेखि १०:४७ बजेसम्म रोग/बिहान १०:४७ देखि १२:१७ बजेसम्म उद्वेग/दिनमा १२:१७ देखि दिनमा १:४७ बजेसम्म चर/दिनमा १:४७ बजेदेखि ३:१७ बजेसम्म लाभ/दिनमा ३:१७ देखि ४:४७ बजेसम्म अमृत/बेलुकी ४:४७ देखि ६:१७ बजेसम्म काल। |
| आइतबार<br>२०६९/७/१९<br>Nov.4, 2012 | बिहान ६:१७ बजेदेखि ७:४७ बजेसम्म **उद्वेग**/बिहान ७:४७ बजेदेखि ९:१७ बजेसम्म **चर**/बिहान ९:१७ बजेदेखि १०:४७ बजेसम्म **लाभ**/बिहान १०:४७ देखि १२:१७ बजेसम्म **अमृत**/दिनमा १२:१७ देखि १:४७ बजेसम्म **काल**/दिनमा १:४७ बजेदेखि ३:१७ बजेसम्म **शुभ**/दिनमा ३:१७ देखि ४:४७ बजेसम्म **रोग**/बेलुकी ४:४७ देखि ६:१७ बजेसम्म **उद्वेग**। |
| सोमबार<br>२०६९/७/२०<br>Nov.5, 2012 | बिहान ६:१८ बजेदेखि ७:४८ बजेसम्म **अमृत**/बिहान ७:४८ बजेदेखि ९:१८ बजेसम्म **काल**/बिहान ९:१८ बजेदेखि १०:४८ बजेसम्म **शुभ**/बिहान १०:४८ देखि १२:१८ बजेसम्म **रोग**/दिनमा १२:१८ देखि दिनमा १:४८ बजेसम्म **उद्वेग**/दिनमा १:४८ बजेदेखि ३:१८ बजेसम्म **चर**/दिनमा ३:१८ देखि ४:४८ बजेसम्म **लाभ**/बेलुकी ४:४८ देखि ६:१८ बजेसम्म **अमृत**। |
| मंगलबार<br>२०६९/७/२१<br>Nov.6, 2012 | बिहान ६:१९ बजेदेखि ७:४९ बजेसम्म **रोग**/बिहान ७:४९ बजेदेखि ९:१९ बजेसम्म **उद्वेग**/बिहान ९:१९ बजेदेखि १०:४९ बजेसम्म **चर**/बिहान १०:४९ देखि १२:१९ बजेसम्म **लाभ**/दिनमा १२:१९ देखि दिनमा १:४९ बजेसम्म **अमृत**/दिनमा १:४९ बजेदेखि ३:१९ बजेसम्म **काल**/दिनमा ३:१९ देखि ४:४९ बजेसम्म **शुभ**/बेलुकी ४:४९ देखि ६:१९ बजेसम्म **रोग**। |
| बुधबार<br>२०६९/७/२२<br>Nov.7, 2012 | बिहान ६:२० बजेदेखि ७:५० बजेसम्म **लाभ**/बिहान ७:५० बजेदेखि ९:२० बजेसम्म **अमृत**/बिहान ९:२० बजेदेखि १०:५० बजेसम्म **काल**/बिहान १०:५० देखि १२:२० बजेसम्म **शुभ**/दिनमा १२:२० देखि दिनमा १:५० बजेसम्म **रोग**/दिनमा १:५० बजेदेखि ३:२० बजेसम्म **उद्वेग**/दिनमा ४:२० देखि ४:५० बजेसम्म **चर**/बेलुकी ४:५० देखि ६:२० बजेसम्म **लाभ**। |

# साप्ताहिक रात्रि शुभ समय कार्य तालिका

| | |
|---|---|
| बिहीबार<br>२०६९/७/१६<br>Nov.1, 2012 | बेलुकी ६:१५ बजेदेखि ७:४५ बजेसम्म **अमृत**/साँझ ७:४५ बजेदेखि ९:१५ बजेसम्म **चर**/राति ९:१५ बजेदेखि १०:४५ बजेसम्म **रोग**/राति १०:४५ देखि १२:१५ बजेसम्म **काल**/राति १२:१५ देखि १:४५ बजेसम्म **लाभ**/राति १:४५ बजेदेखि ३:१५ बजेसम्म **उद्वेग**/राति ३:१५ देखि ४:४५ बजेसम्म **शुभ**/बिहानमा ४:४५ देखि ६:१५ बजेसम्म **अमृत**। |
| शुक्रबार<br>२०६९/७/१७<br>Nov.2, 2012 | बेलुकी ६:१६ बजेदेखि ७:४६ बजेसम्म **रोग**/साँझ ७:४६ बजेदेखि ९:१६ बजेसम्म **काल**/राति ९:१६ बजेदेखि १०:४६ बजेसम्म **लाभ**/राति १०:४६ देखि १२:१६ बजेसम्म **उद्वेग**/राति १२:१६ देखि १:४६ बजेसम्म **शुभ**/राति १:४६ बजेदेखि ३:१६ बजेसम्म **अमृत**/राति ३:१६ देखि ४:४६ बजेसम्म **चर**/बिहानमा ४:४६ देखि ६:१६ बजेसम्म **रोग**। |
| शनिबार<br>२०६९/७/१८<br>Nov.3, 2012 | बेलुकी ६:१७ बजेदेखि ७:४७ बजेसम्म **लाभ**/साँझ ७:४७ बजेदेखि ९:१७ बजेसम्म **उद्वेग**/राति ९:१७ बजेदेखि १०:४७ बजेसम्म **शुभ**/राति १०:४७ देखि १७:१७ बजेसम्म **अमृत**/राति १७:१७ देखि १:४७ बजेसम्म **चर**/राति १:४७ बजेदेखि ३:१७ बजेसम्म **रोग**/राति ३:१७ देखि ४:४७ बजेसम्म **काल**/बिहानमा ४:४७ देखि ६:१७ बजेसम्म **लाभ**। |
| आइतबार<br>२०६९/७/१९<br>Nov.4, 2012 | बेलुकी ६:१७ बजेदेखि ७:४७ बजेसम्म **शुभ**/साँझ ७:४७ बजेदेखि ९:१७ बजेसम्म **अमृत**/राति ९:१७ बजेदेखि १०:४७ बजेसम्म **चर**/राति १०:४७ देखि १२:१७ बजेसम्म **रोग**/राति १२:१७ देखि १:४७ बजेसम्म **काल**/राति १:४७ बजेदेखि ३:१७ बजेसम्म **लाभ**/राति ३:१७ देखि ४:४७ बजेसम्म **उद्वेग**/बिहानमा ४:४७ देखि ६:१७ बजेसम्म **शुभ**। |
| सोमबार<br>२०६९/७/२०<br>Nov.5, 2012 | बेलुकी ६:१८ बजेदेखि ७:४८ बजेसम्म **चर**/साँझ ७:४८ बजेदेखि ९:१८ बजेसम्म **रोग**/राति ९:१८ बजेदेखि १०:४८ बजेसम्म **काल**/राति १०:४८ देखि १२:१८ बजेसम्म **लाभ**/राति १२:१८ देखि १:४८ बजेसम्म **उद्वेग**/राति १:४८ बजेदेखि ३:१८ बजेसम्म **शुभ**/राति ३:१८ देखि ४:४८ बजेसम्म **अमृत**/बिहानमा ४:४८ देखि ६:१८ बजेसम्म **चर**। |
| मंगलबार<br>२०६९/७/२१<br>Nov.6, 2012 | बेलुकी ६:१९ बजेदेखि ७:४९ बजेसम्म **काल**/साँझ ७:४९ बजेदेखि ९:१९ बजेसम्म **लाभ**/राति ९:१९ बजेदेखि १०:४९ बजेसम्म **उद्वेग**/राति १०:४९ देखि १२:१९ बजेसम्म **शुभ**/राति १२:१९ देखि १:४९ बजेसम्म **अमृत**/राति १:४९ बजेदेखि ३:१९ बजेसम्म **चर**/राति ३:१९ देखि ४:४९ बजेसम्म **रोग**/बिहानमा ४:४९ देखि ६:१९ बजेसम्म **काल**। |
| बुधबार<br>२०६९/७/२२<br>Nov.7, 2012 | बेलुकी ६:२० बजेदेखि ७:५० बजेसम्म **उद्वेग**/साँझ ७:५० बजेदेखि ९:२० बजेसम्म **शुभ**/राति ९:२० बजेदेखि १०:५० बजेसम्म **अमृत**/राति १०:५० देखि १२:२० बजेसम्म **चर**/राति १२:२० देखि १:५० बजेसम्म **रोग**/राति १:५० बजेदेखि ३:२० बजेसम्म **काल**/राति ३:२० देखि ४:५० बजेसम्म **लाभ**/बिहानमा ४:५० देखि ६:२० बजेसम्म **उद्वेग**। |

# तपाईंको यो हप्ता

(कार्तिक १६ गते बिहीबारदेखि २२ गते बुधबारसम्म)

(From Nov.1, to 7, 2012)

*ज्यो. सीता रेग्मी*
*(ज्योतिष डिप्लोमा)*
*ज्योतिष भविष्यवाणी परामर्श केन्द्र*
*मोवाइलः ९८४६२१८८१५*

१. मेषः तपाईंको यो हप्ता स्वास्थ्य भरपर्दो रहने छैन। खानामा कुनै गडबडीको सम्भावना छ। कुनै व्यक्तिसंग विवाद पर्ने, जताबाट पनि हानी नोक्सानीको डर छ। सबै प्रकारले सतर्क रहनुहोला। हप्ताको अन्त्यतिर पछिल्ला दिनमा स्वास्थ्य राम्रो, आदर-सत्कार पाइने, घरमा पारिवारिक सहयोग राम्रो पाइने, वैवाहिक कार्यमा सहभागी हुन पाइनेछ।

२. वृषः तपाईंको यो हप्तामा स्वास्थ्य राम्रो, आदर-सत्कार पाइनेछ। घरमा पारिवारिक सहयोग पाइने, एक्कासी आम्दानी बढ्ने, जमिन किनबेचमा लाभ, मित्रजनसँग भेट, जताबाट पनि हर्ष र खुशीका खबरमात्रै पाइनेछ भने हप्ताको अन्त्यतिर कुनै व्यक्तिसँग विवादमा परिने, मन चञ्चल रहनेछ त्यसैले हरेक कार्यमा सतर्क भएर कार्य सम्पादन गर्नुहोला।

३. मिथुनः तपाईंको यो हप्तामा आफन्त व्यक्तिबाट नै धोका र अविश्वासको सम्भावना छ। तपाईंले गर्न खोजेका काममा चारैतिरबाट अवरोधका सम्भावना छन्। आकस्मिक चोरी हुन सक्ने छ। यो हप्ता सबै प्रकारले सतर्क रहनुहोला। हप्ताको अन्त्यतिर कुनै व्यक्ति मार्फत धन उठ्ने, गरेको परिश्रमको राम्रो लाभ पाइने छ। मानसिक शान्ति र आराम मिल्ने समय चल्नेछ।

४. कर्कः यो हप्ता तपाईंका लागि नसोचेको धन हात लाग्ने अवस्था छ। जमीन, घडेरी किन्दै हुनुहुन्छ भने बुधबार र बिहीबारको दिन पास गर्नुहोला। नयाँ मित्र, नयाँ साझेदारसंगको भेट सहकार्यबाट आउँदा धेरै वर्षसम्मको योजना सफल पार्न सक्नुहुनेछ। समयको सही उपयोग अवश्य पनि गर्नुहोला। हप्ताको अन्त्यतिर समय केही खराब रहेको छ।

५. सिंहः तपाईंका लागि यो हप्ता स्वास्थ्य ठीक-ठाक रहनेछ। गर्न खोजेका केही काम सफल र केही अधुरा रहनेछन्। आँफू अपमानित हुनुपर्ने ठाउँमा नचाहेर पनि जानुपर्नेछ। आफन्तै व्यक्तिहरुसँग झगडा पर्न सक्नेछ। लाभ, हानी, आफ्नो आम्दानी हेरी चल्नुहोला। व्यर्थैको काममा फँसाउन खोज्ने छन्, समग्रमा यो हप्ता समय मध्यम शुभ रहेको छ।

६. कन्याः तपाईंका लागि यो हप्ता आफन्त व्यक्तिसँग विवाद पर्न सक्नेछ। मन चञ्चल रहने हुनाले कार्यक्रममा बिघ्नबाधा आइपर्नेछन्। वायूरोग लाग्ने, मनमा अशान्ति, यात्रामा बिघ्नबाधा रहेको छ भने हप्ताको अन्त्यतिर आरोग्यता, प्रशन्नता, धनको प्राप्ति सबै प्रकारको काममा सफलता मिल्नेछ। उत्तर बाहेक अन्य दिशाको यात्रा पनि सफल रहन सक्नेछ।

७. तुलाः तपाईंलाई यो हप्ता जुनसुकै काममा बिघ्नबाधा रहेका छन्। सकेसम्म विवादमा नपरिकन समस्या सुल्झाउनेतर्फ लाग्नुहोला। मनमा अशान्ति, यात्रामा बिध्नबाधा, वायुरोग लाग्ने, खानामा गडबडी, कुनै अप्रिय समाचारपनि सुन्नुपर्ला। आफूपनि बोलीवचनमा सतर्क रहनुहोला। आम्दानी पनि भने जस्तो नहुँदा चिन्ता थपिनेछ।

८. वृश्चिकः तपाईंका लागि यो हप्ता स्वास्थ्यले राम्रो साथ दिनेछ। प्रशन्नता बढ्ने काम हुनेछन्। उठ्नुपर्ने रकम सजिलै उठ्नेछ। सबै प्रकारका काममा राम्रो सफलता मिल्ने देखिन्छ। समयको सही उपयोग अवश्य गर्नुहोला। हप्ताको अन्त्यतिर आँटेका कामहरुमा असफलता, सोचेजतिका सबै कामहरुमा बिघ्नबाधा पर्नेछन्, बेलैमा सतर्क रहनुहोला।

९. धनुः तपाईंलाई यो हप्ता पनि स्वास्थ्यमा त्यति खरावी रहने छैन। इज्जत, प्रतिष्ठा बढ्ने ठाउँमा उपस्थित र सहभागी हुन पाइनेछ। घरमा पारिवारिक सहयोग सबैबाट पाइनेछ। यो हप्ता विशेष कार्यक्रममा भाग लिने स्थिति आउला भन्न सकिन्छ। शैक्षिक क्षेत्रबाट पनि पुरस्कृत हुन सकिनेछ। समग्रमा यो हप्ताको समय शुभ छ, उपयोग गर्नुहोला।

१०. मकरः तपाईंको यो हप्तामा एक्कासी नयाँखालको रोगले दुःख दिन सक्नेछ। कुनै व्यक्तिसँग झगडा पर्ने, जताबाट पनि नोक्सानमात्रै पर्नेछ। शत्रूसँगको विवाद झनै चर्किने छ। मनमा अशान्ति, यात्रामा बिघ्नबाधा, खानामा गडबडी हुनेछ भने हप्ताको अन्त्यतिर लाभ हुने, स्वास्थ्य राम्रो, धन प्राप्ति, यश कीर्ति बढ्ने, घरमा नयाँ चहलपहल हुनेछ, उपयोग गर्नुहोला।

११. कुम्भः तपाईंलाई यो हप्ता आफन्त व्यक्तिसंग विवाद तथा झगडाको सम्भावना बलियो छ, कमै बोल्नु राम्रो पर्ला, मन चञ्चल, निकट ठाउँको यात्रा, आफूले गर्न खोजेका काममा विघ्नबाधा देखापर्नेछन्। कम्मर दुख्ने, खानामा गडबडी, यात्रामा कसैले विषालु वस्तु सुँघाउन सक्ने, कुनै चिन्ता थप्ने समाचार सुन्नुपर्ला जस्तो पनि छ।

१२. मीनः तपाईंका लागि सोच्दै नसोचेको धन प्राप्ति हुन सक्नेछ। जमीन सम्बन्धी अथवा वैदेशिक रोजगार सम्बन्धी काम गर्नु छ भने यो हप्ता लाभ हुनेछ। तपाईं व्यवसायी हुनुहुन्छ भने यो हप्ता पैसा खूब कमाउनुहुनेछ। जताबाट पनि तपाईंलाई खुशी लाग्दा समाचार यो हप्ता प्राप्त हुनेछन्। हप्ताको अन्त्यतिर केही खराब रहनेछ, सतर्क भएर काम गर्नुहोला।

## साप्ताहिक साहित

कार्तिक १६, २०६९ बिहीबार – पूर्व दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ।
कार्तिक १७, २०६९ शुक्रबार – पूर्व र दक्षिण दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ।
कार्तिक १८, २०६९ शनिबार – दक्षिण र पश्चिम दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ।
कार्तिक १९, २०६९ आइतबार – दक्षिण दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ।
कार्तिक २०, २०६९ सोमबार – दक्षिण र पश्चिम दिशाको यात्रामात्रै शुभ रहेको छ।
कार्तिक २१, २०६९ मंगलबार – पश्चिम दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ।
कार्तिक २२, २०६९ बुधबार – पश्चिम दिशाको मात्र यात्रा शुभ रहेको छ।

## दैनिक राहुकाल समय

आइतबार बेलुकी ४।३० देखि ६ बजेसम्म राहुकाल रहनेछ।
सोमबार बिहान ७।३० देखि ९ बजेसम्म राहुकाल रहनेछ।
मंगलबार दिनमा ३ देखि ४।३० बजेसम्म राहुकाल रहनेछ।
बुधबार दिनमा १२ देखि १।३० बजेसम्म राहुकाल रहनेछ।
बिहीबार दिनमा १।३० देखि ३ बजेसम्म राहुकाल रहनेछ।
शुक्रबार बिहान १०।३० देखि १२ बजेसम्म राहुकाल रहनेछ।
शनिबार बिहान ९ देखि १०।३० सम्म राहुकाल रहनेछ।
*(माथि तोकिएको समयमा गरिएको कुनै पनि कार्य सफल हुनेछैन।)*

संस्थापक/प्रधान सम्पादक/प्रकाशक–ज्योतिष शिरोमणि डा.बलराम उपाध्याय रेग्मी, फोन/फ्याक्स नं.+977-61-540347, Mobile 00977-9856020914, ९८५६०३०९१४
व्यवस्थापक–ज्यो.सुश्री सीता रेग्मी, कानूनी सल्लाहकार–अधिवक्ता श्री प्रेमबहादुर खड्का/अध्यक्ष नेपाल बार एशोसियशन,काठमाडौं/प्रबन्ध निर्देशक–रामनाथ अधिकारी 'संगी',
आजीवन संरक्षक–ज्यो.प्रेमकुमारी गुरुङ, कम्प्यूटर सेटिङः ज्यो.भ.डेक्स, कार्यालय : पो.ब.नं.२०७,पोखरा–२,कास्की, नेपाल। **E-mail:jbweekly@fewanet.com.np/haripanta@gmail.com,**
**website: www.jbweekly.com,** मुद्रक–तनहुँ अफसेट प्रेस, नयाँबजार, पोखरा, फोन : ०६१–५२२४२८, ९८४६०९४०२०, web hosting : pokharacity.com